प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

## मिति २०७९ साल कार्तिक २२ गते बसेको सचिव बैठकको निर्णयहरू:-

१. मिति २०७९।०६।०५ गतेको सचिव बैठकका निर्णयहरूको कार्यान्वयन अवस्थाको प्रगति समीक्षा गरियो।

२. मन्त्रालय/निकायहरूबाट वार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्ययोजना अनुसार हालसम्म भए गरेका प्रगतिको बारेमा संक्षिप्त प्रस्तुति गरियो।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखाको प.सं. ०७९।०८० सु.स.वै. च.नं. ५१२/१७५६ मिति २०७९।०६।०६ को सूचनाको हक कार्यान्वयन सम्बन्धी निर्णय कार्यान्वयन विषयको पत्र बारेमा बैठकमा जानकारी गराइयो।

४. भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेशको प.सं. २०७९/०८० च.नं. ४२८ को सवारी साधनहरूमा इम्बोस्ड नम्बर प्लेट जडान गर्ने सम्बन्धी पत्रको बारेमा बैठकमा जानकारी गराइयो।

५. प्राविधिक प्रकृतिका कार्यक्रम सञ्चालन गर्नुपर्ने तर प्राविधिक जनशक्ति नभएका प्रदेश अन्तर्गतका कार्यालयहरूलाई प्राविधिक सहयोग माग भई आएमा विषयसँग सम्बन्धित मन्त्रालय/निकायले उपलब्ध गराउने।

६. मन्त्रालयहरूले प्रदेश सरकार, मन्त्रिपरिषद्मा पेश गर्नुपर्ने प्रस्ताव तयार गर्दा कानूनी आधार र प्रक्रियागत विषयमा विशेष ध्यान पुर्‍याउने।

७. २०७९।०८।०४ गते हुन गइरहेको प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन सम्पन्न गर्नको लागि आ-आफ्नो क्षेत्रका निर्वाचन प्रक्रिया सफल पार्न सहयोग पुर्‍याउने।

२०७९।७।२२
प्रमुख सचिव